नि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ | स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १३३ २०७७ साल पुस ८ गते बुधबार (23 Dec. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : ओरालो लाग्दै ... ३ पृष्ठमा : प्रदेश २ मा दलित ... ३ पृष्ठमा : कोलम्बियाले फेब्रुअरीदेखि ...

# कोरोना कहरबीच शितलहरले अतिविपन्न परिवार थप जोखिममा





**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

विगत एक सातादेखी सुरु भएको अत्याधिक चिसोका कारण सप्तरीका अतिविपन्न परिवार कोरोना कहरकाबीच सितलहरका कारण पनि थप जोखिममा परेका छन् । यता जिल्लाको सहरी तथा ग्रामिण क्षेत्रका बासिन्दाको जनजिवन कष्टकर बनन्दै गएको छ ।

अतिविपन्न परिवार अत्याधिक चिसो र सितलहरबाट जोगिन त्यानो कपडा र कम्बलको अभावमा कष्टकर जिवन बिताउनु परेको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिका २ कनकपटी दलित बस्तीकी समतोलिया देवी रामले अत्याधिक चिसोका कारण त्यानो लुगा र कम्बलको अभाव भएको बताउछिन् ।

बिहानैदेखी चल्ने सितलहर र हुस्सुका कारण घरबाट कमै मानिस बाहिर निस्कने गरेको छन् । चिसोले बालबालिका र बृद्धबृद्धा बढी प्रभावित देखिएका छन् । चिसोका कारण स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा निमोनिया, कोल्ड डायरिया, दम, रुघाखोकी लगायतका बिरामीहरुको चाप बढेको अस्पताल प्रशासनले जनाएको छ । चिसोका कारण हुने रोगका बिरामीहरु दैनिक १० देखी १५ जनासम्म उपचारका लागि आउने गरेको अस्पताल प्रशासनले जनाएको छ ।

यता अत्याधिक चिसोका कारण कार्यालयहरुमा सेवाग्राही तथा लामो समयपश्चात् खुलेका विद्यालयहरुमा विद्यार्थीको उपस्थिति पनि पातलिएको छ ।

चौक र घरमा आगो र हिटर बालेर त्यानोमा बस्ने बढेका छन् । बाक्लो हुस्सुका कारण दिउँसो बत्ति बालेर सवारीसाधन सडकमा ओहोर दोहोर गरेको देखिन्छ ।

# सवारी दुर्घटनामा एक बालिकासहित दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

सप्तरीको कंचनरुप खण्डमा सोमबार राती बसको ठक्करबाट एक साइकल यात्रीको ज्यान गएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सो सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आइरहेको ना.६ख. ४८४२ नम्बरको यात्रुबाहक बसले विपरीत दिसाबाट गइरहेको साइकल यात्रीलाई ठक्कर दिएको थियो । सो ठक्करबाट साइकल सवार कंचनरुप नगरपालिका ११ बस्ने ३५ वर्षिय मनोज कुमार चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटना पश्चात् तत्कालै चौधरीलाई स्थानिय धर्मेश्वर अस्पताल लगिएको थियो । तर, अवस्था गम्भिर भएपछि थप उपचारका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता ठक्कर दिने बसलाई नियन्त्रणमा लिइए पनि चालक भने फरार रहेको र खोजि कार्य भइरहेको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

यसअघि गत बुधबार बा.१७च. ३७८६ नम्बरको कारको ठक्करबाट गम्भिर घाइते भएकी डाक्नेश्वरी नगरपालिका ९ की ५ वर्षिया प्रिन्सिका कुमारी चौधरीको मंगलबार उपचारका क्रममा मृत्यु भएको छ ।

शम्भुनाथ सडकखण्डमा सो कारले ठक्कर दिंदा गम्भिर घाइते भएकी बालिका चौधरीलाई उपचारका लागि बिराटनगरस्थित न्यूरो अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा मंगलबार बिहान उनको मृत्यु भएको डिएसपी साहले बताए ।

दुबै घटनामा बाक्लो हुस्सु र चालकको लापरवाही प्रमुख कारकको रुपमा देखिएको प्रहरीको भनाई छ ।

# अधिकृतको कोठामा बम फेला

**दैनिक समाचारदाता**
**सिरहा, ७ पुस ।**



सिरहाको सुखीपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको कार्यालय कोठा गेट नजिकै मंगलबार कुकर बम फेला परेको छ ।

विहान कार्यालय खुलेपछि कार्यालय सरसफाई गर्ने बेलामा कार्यालय सहयोगीले गेट नजिक एउटा कालो ब्याग राखिएको देखेपछि सहयोगीहरुले ब्यागमा के छ हेर्न खोलेपछि कुकर बम देखेर कार्यालय सहयोगीहरुले ब्यागलाई त्यहाँबाट तल ल्याएको राखिदिएका थिए ।

बम फेला परेको सूचना पाउनसाथ ईलाका प्रहरी कार्यालय सुखीपुर र सशस्त्र वेश क्याम्प सुखीपुरको टोलीले सो स्थानलाई घेराबन्दी गरेका थिए ।

यता बम फेला पछि कार्यालय शिल गरिएको थियो बम नेपाली सेनाले डिस्पोज गरेको थियो ।

# कोशी पम्प, चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय राजविराज, सप्तरी

**सूचना ।** **सूचना ॥** **सूचना ॥।**

प्रस्तुत विषयमा पश्चिमी कोशी मुख्य नहर प्रमंडल कुनौली (बिहार) को प्राप्त पत्र अनुसार रब्बी, गहुँ बालीमा पश्चिमी कोशी मुख्य नहरमा पानी संचालन नहुने हुँदा कोशी मुख्य नहरमा पानी नआउन्जेलसम्म कोशी पम्प नहर सिंचाई प्रणाली तथा बितरण नहर सिंचाई प्रणालीमा यस वर्षको रब्बी, गहुँ बालीमा नहर संचालन नहुने व्यहोरा सम्बन्धीत जल उपभोक्ता, कृषक तथा सर्वसाधारणहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कोशी पम्प, चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय**
**राजविराज, सप्तरी**



## सम्पादकीय

# बाच्न पाउने अधिकारबाट बञ्चित हुन नदिन आजैबाट अग्रसरता देखाऊ

प्रकृतीको समयचक्र अनुसार पुनः चिसोको मौसमले आगमन गरेको छ। यो मौसमको आगमनसँगै मानिसहरुले न्यानो कपडा लगाएर शरीरलाई चिसोबाट बचाउने गर्छन्। हरेक वर्ष अत्याधिक चिसोका कारण अकालमै मानिसहरुको मृत्युवरण समेत हुने गरेको छ। विशेष गरि अतिविपन्न तथा गरिब समुदायहरु गरिबीका कारण न्यानो कपडा लगाउनबाट बञ्चित हुनेगरेका छन्। उनीहरुलाई एक छाक टार्न धौं धौं भइरहेको अवस्थामा न्यानो कपडा खरिद गर्न आर्थिक अभाव हुन्छ। तर, ती मानिसहरु पनि नेपालकै जनता हुन्। उनीहरुलाई पनि आम नेपालीले राज्यबाट पाउने विभिन्न सुविधाको भोकअधिकार हुन्छ। तर, गरिबी जिवन बिताइरहेका ती विपन्न परिवार त्यस्ता सुविधाबाट बारम्बार बञ्चित हुने गरेका छन्। उनीहरु राज्यबाट समेत अपहेलित हुन्छन्।

यस्तो अवस्थामा कम्तिमा चिसोबाट जोगिनका लागि राज्यबाट ती समुदायका लागि व्यवस्था गरिनु पर्दछ। चिसो मौसम आउनु अगावै उनीहरुका लागि राज्य तथा सम्बन्धीत निकायले केही व्यवस्था गर्न अग्रसरता देखाउनु पर्ने हो। तर, यहाँ त्यस्तो देखिन्न्।

तसर्थ अतिविपन्न समुदायका लागि स्थानिय सरकारले चिसोबाट बच्नका लागि केही राहत स्वरुप न्यानो कपडाको व्यवस्था मिलाउन ध्यान पुऱ्याउन पर्दछ। विभिन्न संस्था तथा अन्य निकायहरुको पहलमा त्यस्ता समुदायलाई कम्तिमा बाच्न पाउने अधिकारबाट बञ्चित हुन नदिन आजैबाट अग्रसरता देखाउनु आवश्यक रहेको छ।

# ओरालो लाग्दै उखु खेती

महोत्तरी, ७ पुस (रासस)।

परारसम्म तीन बिघामा उखु खेती गर्नुभएका महोत्तरी भङ्गाहा नगरपालिका-४ का किसान हीरालाल महतोको अब एक बिघामा मात्र यो बाली छ। यसै बस्तीका धनेशी महतोले त उखु खेती नै छाडिसक्नुभएको छ। जिल्लाको उत्तरवर्ती बर्दिवासदेखि सुदूर दक्षिणको जलेश्वरसम्म १० वर्ष पहिले देखिने जताततै उखुको खेती अहिले स्वात्तै घटेको छ।

भुक्तानीमा निकै हण्डर खेप्नुपर्ने भएपछि किसानले उखु खेती छाड्नु परेको हो। कडा मिहिनेत र लागत लगाएर गरिने उखु खेतीको भुक्तानीमा हण्डर खेप्नु परेपछि किसानले उखु खेती छाड्दै गएका हुन्। उखु खेतीको तयारीमा प्राविधिक सहयोग र सुलभ ऋृण नपाउनु, उखु खेतीको मूल्य निर्धारणमा बर्सेनि बखेडा (झमेला) हुनु र भुक्तानी समयमा नपाएपछि यो खेती घट्दै गएको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउनुहुन्छ।

जिल्लामा २० वर्षअघि मुख्य नगदेबालीका रूपमा उखु खेती करीब १८ हजार बिघामा गरिन्थ्यो। यो क्रम पछिल्ला पाँच वर्षदेखि घट्दै गएर अहिले छ हजार ५०० बिघामा झरेको कुशवाहाको भनाइ छ। "यसपालि छ हजार ५०० बिघामा उखु बाली छ", कुशवाहाले भन्नुभयो, "यसमध्ये दुई हजार ५०० बिघामा खुट्टी (दोस्रो वर्षको बाली) उखु छ, यो यसपालि खाली भएपछि आघौँलाई तीन हजार बिघामा झर्छ।" एकपटक रोपेर दुई बाली लिइने उखुमा पहिलो वर्षको लाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुट्टी' भनिन्छ। यसपालि नयाँ उखु बाली लगाउने किसान नदेखिएपछि आघौँ अझै उखु घट्ने स्पष्ट देखिएको हो।

"खाँदा स्वाद गुलियो हुने उखुको कथा चैँ हामी किसानलाई तीतो हुने गरेको छ", भङ्गाहा-४ का किसान हीरालाल भन्नुहुन्छ, "न मूल्यको ठेगान, न समयमा भुक्तानी !" यसैले आफूले उखु खेती घटाउँदै लानु परेको महतो बताउनुहुन्छ। यसपालि उखु तयार भइसक्दासम्म अझै सरकारले मूल्य निर्धारण नगर्दा आफ्नो फसलको के पाउने ? भन्ने अझै अन्योलमै रहेको किसान बताउँछन्।

यता जिल्लाको गौशाला नगरपालिका-१ रामनगरस्थित एभरेष्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिज (बोलीचालीमा एभरेष्ट चिनी उद्योग, चिनी मिल) ले भने उखु कटानको चलान पुर्जी दिन थालेको छ। मूल्य निर्धारण नहुँदै आफ्नो उत्पादन बुझाउनुपर्ने र भुक्तानी कहिले पाउने थाहा नभएको यो खेतीलाई आफूले तीतो भनेको महतो बताउनुहुन्छ।

महोत्तरीमा मात्र नभएर वरपरका जिल्लामा पनि उखुखेती घट्दै गएपछि यस भेगमा स्थापित र सञ्चालित चिनी उद्योगको भविष्य पनि त्यति राम्रो नदेखिने किसान बताउँछन्। उद्योगले जिल्लामा उखु खेती घट्दै गएपछि बाहिरबाट उखु नगदै हाताहाती किनेर ल्याउने गरेको किसान बताउँछन्।

यसपालिको मूल्य निर्धारणका लागि किसानले रु ६१७ प्रतिक्विन्टल हुनुपर्ने माग गरेका छन्। गत वर्ष ४७१ रुपैयाँ २८ पैसा उखुको मूल्य र अनुदानसहित जम्मा ५३६ रुपैयाँ ५६ पैसामा उखु तौल भएको थियो। त्यसयता चिनीको मूल्य बढेको, मलखादको र खेतीमा अन्य लागत बढेको हुँदा सोको अनुपात मिलाएर यसपालि रु ६१७ कायम गर्न माग गरिएको सङ्घका अध्यक्ष कुशवाहा बताउनुहुन्छ। तर किसान प्रतिनिधि र उद्योग प्रतिनिधिबीच सल्लाह अझै नभएको हुँदा सरकारलाई मूल्य निर्धारणबारे संयुक्त सुझाव दिन नसकेको कुशवाहाको भनाइ छ।

उखु खेती घटेसँगै उद्योग खस्कने चिन्ता बोकेका किसानले सरकारले किसान र उद्योगबीच समन्वय गरेर किसानलाई प्रोत्साहन गर्न सके महोत्तरीको माटो उखु अनुकूलकै रहेको बताएका छन्। विश्वासिलो वातावरण सरकारले बनाउनसके सरकारकै विश्वासमा किसान फेरि उखु खेतीमा फर्कनसक्ने सम्भावना भने रहेको भङ्गाहा-४ का किसान कुशेश्वर यादव बताउनुहुन्छ। उद्योग धराशयी बन्दा कैयौँले पाएको रोजगारी गुम्नसक्ने किसान चिन्ता व्यक्त गर्छन्।

जिल्लामा उखु खेतीलाई फेरि जगाउन किसानलाई समयमा बीउमल, खेती खर्चबापत सहुलियत ऋृण, मङ्सिर तेस्रो साताको प्रारम्भमै उखु क्रसिङ खोल्ने व्यवस्था र पहिले नै कबुलियत गरेर मूल्य निर्धारण तथा भुक्तानीको अवधि तोकिए जिल्लामा उखुखेती फेरि बौरनसक्ने आम किसानको भनाइ छ।

यता चिनी उद्योग सञ्चालक पनि बर्सेनि उखुको मूल्य निर्धारणमा किसान र उद्योग मन्त्रालयको चेपुवामा पर्ने गरेको बताउँछन्। उद्योगको उत्पादित चिनीको बजारबारे कसैले चिन्ता नगरिदिँदा आफूहरू आर्थिक रूपमा धराशयी बन्ने अवस्था भएको उद्योग सञ्चालकहरूको गुनासो छ। सरकारले विदेशी चिनी आयात नरोक्दा आफ्नो उत्पादन गोदाममा थन्किएर रहने गरेको एभरेष्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज रामनगर (महोत्तरी) का कार्यकारी सञ्चालक सरेशकुमार सर्राफ बताउनुहुन्छ। उद्योग सञ्चालनमा लागेको पुँजीको ब्याज, उद्योगस्थलको भाडा, किसानको खेतीमा लागत र उत्पादनसमेतको वैज्ञानिक लेखाजोखा गरेर सरकारले उखुको मूल्य तोक्नुपर्ने सर्राफको भनाइ छ।

# घुमुवाले आचरण विपरीत काम गर्न थालेपछि फिर्ता

वीरगञ्ज, ७ पुस (रासस)।

नेपाल भारत सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि तथा तस्करी नियन्त्रण गर्न खटाइएका घुमुवाले आचरण विपरीत काम गर्न थालेपछि सशस्त्र प्रहरी बल नेपाल छिनमस्ता वाहिनी मुख्यालय प्रदेश नं २ महोत्तरीले उनीहरूलाई फिर्ता बोलाएको छ। प्रदेश नं २ को आठ जिल्लामा ६२ जना सशस्त्रका घुमुवालाई सीमा क्षेत्रको निगरानी तथा तस्करी नियन्त्रणका लागि खटाइएकामा उनीहरूलाई तस्करहरूसँग मिलेर आचरण विपरीत काम गरेपछि उनीहरूलाई कारबाहीस्वरुप महोत्तरीको बर्दिवासस्थित मुख्यालयमा तानिएको छ।

प्रदेश नं २ को आठै जिल्लाका घुमुवाले प्रहरी आचरण विपरीत

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रदेश २ मा दलित बढी पीडित



**रामप्रवेश बैठा**

प्रदेश २ सहित देशैभर दलितहरुमाथि शृङ्खलाबद्धरुपमा हत्या हिंसाका घटनाहरु बढेको छ । दलितहरुमाथि हुँदै आएको हत्या, हिंसा र बलात्कारको विरुद्धमा हामीले आवाज उठाउँदै आएका छौं । खासगरी प्रदेश २ मा लकडाउनको अवधिमा अलि बढी नै दलितहरु मारिएका छन् । प्रदेश सरकार र प्रहरी प्रशासनको तर्फबाट जे जति कानुनी कारबाही बढाउनुपर्ने थियो त्यो अनुरुप देखिँदैन । कतिपय दलितहरुको प्रहरी हिरासतमै हत्या गरिएको छ । दलितहरुमाथि भइरहेको हत्या, हिंसा र बलात्कारको घटनालाई संघीय सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन । आखिर प्रहरी प्रशासन त संघीय सरकारकै मातहतमा रहेका छन् । प्रदेश सरकारमाथि यसको दोष दिन मिल्दैन । किनभने प्रदेश सरकारसँग आफ्नो प्रशासन, सिडियो, एसपी नभएकोले केही गर्न सकिरहेको छैन । संघीय सरकारको लापरवाहीको कारणले हत्या हिंसा चरम विन्दुमा पुगेको छ ।

प्रदेश २ मा दलितहरुको जनसंख्या निर्णायक देखिएको छ तर पनि हत्या हिंसाका घटना हुँदा दलितहरु मात्रै न्यायका लागि आवाज उठाउने तर गैरदलितहरु किन खुलेर बोलेका छैनन् भन्ने विडम्बनापूर्ण स्थिति छ । प्रदेश २ मा १८ प्रतिशत दलितको आवादी छन् । प्रदेश २ मा बहुसंख्यकरुपमा हुँदा पनि अधिकार र न्याय पाउने कुरालाई संवेदनशीलताका साथ प्रदेश सरकारले उठाउनुपर्ने हो । बहुसंख्यक दलितहरुका लागि गैरदलितहरुले पनि आवाज उठाइदिए राम्रो हुन्थ्यो । जनता समाजवादी पार्टीको निर्माण सबैखाले विभेदको विरुद्धमा भएको छ । यस पार्टीका शीर्ष नेताहरु लगायत प्रदेश २ को सरकार संवेदनशीलताका साथ अगाडि बढ्नुपर्ने देखिन्छ । यो कुरालाई दलित मात्रैले होइन गैरदलितहरुले पनि आवाज उठाइदिएको भए अधिकारको सुनिश्चितता हुने थियो ।

शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी अहिलेसम्म संघीय सरकारकै जिम्मामा छ । सिडियो, सशस्त्र प्रहरी, जनपथ प्रहरी लगायत सुरक्षा निकायका सम्पूर्ण निकाय संघीय सरकारकै मातहतमा छ । भनेपछि शान्ति सुरक्षा कायम गर्ने सवालमा संघीय सरकारले नै जिम्मेवारी लिनुपर्ने हुन्छ । प्रदेश सरकारको मातहतमा कुनै निकाय नै छैन । प्रदेश सरकार त एउटा इकाईको रुपमा मात्रै खडा गरिएको छ । प्रदेश सरकारले लोक सेवा आयोग गठन गर्‍यो, प्रहरी ऐन ल्यायो तर प्रहरी भर्ना गर्ने सवालमा संघीय सरकारले कानून बनाइदिनु पर्ने हो । तर अहिले संघीय सरकारले ऐन बनाएर हस्तान्तरण गर्न सकिरहेको छैन । त्यसको विरुद्धमा प्रदेश सरकारले सर्वोच्च अदालतमा रिट पनि हालेको छ । प्रदेश सरकारले आफ्नो प्रहरी भर्ना गर्ने सवालमा दृढ छ ।

दलित सशक्तिकरण ऐन प्रदेश २ को प्रदेशसभाबाट एक वर्ष पहिला नै पास भयो । त्यो पास भइसकेपछि राजपत्रमा प्रकाशित गर्ने गरी प्रदेश सरकारले संघीय सरकारलाई पठायो । त्यहाँ पनि ६ महिनासम्म अड्काइयो, फेरि राष्ट्रपतिबाट प्रमाणित भएर अहिले प्रदेशमा आइसकेको अवस्था छ । अहिले उच्चस्तरीय दलित अनुगमन समिति बनाइएको छ, जसको अध्यक्ष मुख्यमन्त्री हुनुहुन्छ त्यसको सदस्य डिआईजी, गृहमन्त्रीसमेत ९ सदस्यीय गठन भइसकेको अवस्था छ । अब प्रदेशमा दलित आयोग वा दलित विकास समितिको प्रक्रिया छिट्टै थालनी हुनेछ । अब प्रदेशमा दलितहरुको हत्या, हिंसा लगायतका घटनाहरु हेर्ने एउटा निकाय खडा हुन्छ ।

निश्चितरुपमा दलित आयोग वा विकास समिति गठन भइसकेपछि प्रदेशमा हत्या हिंसाको घटना न्यूनीकरण हुन्छ । कुनै पनि परिवर्तन जादुको छडी घुमाएजस्तो हुँदैन । तर सरकारको एउटा अंगको रुपमा दलित सशक्तिकरण ऐनअन्तर्गत कुनै निकाय गठन भइसकेपछि त्यसबाट त्यस्ता घटनाहरुमा कमी आउँछ भन्ने हामीलाई विश्वास छ ।

प्रदेशको नामाकरण र राजधानीका बारेमा सुझाव संकलनका लागि सम्वाद सुझाव आयोग गठन गरिएको थियो, त्यसको म पनि सदस्य थिएँ । हामीले आठै जिल्लामा गएर विभिन्न तह, तप्का र वर्गका व्यक्तिहरुसँग सुझाव संकलन गरेका थियौं । यस प्रदेशको नामाकरण मधेश प्रदेश हुनुपर्छ भनेर लगभग ८० प्रतिशत जनताको सुझाव थियो । तर त्यो प्रतिवेदनलाई सम्मान नगर्ने गरी जुन खेल भयो जसले गर्दा सत्तारुढ दल तत्कालीन राजपा र फोरमले यथेष्ठ मत पाएन । जसले गर्दा त्यो प्रतिवेदन लागू भएन । प्रदेश २ को सरकारले नामाकरण र राजधानी तोक्ने सवालमा लागि परेको छ ।

प्रदेश सरकारले त प्रदेशका जनताको भावना बुझ्नका लागि नै सम्वाद सुझाव आयोग गठन गरेको थियो । अन्य प्रदेशको जस्तो प्रदेश २ को सरकारले नामाकरण र राजधानीको सवालमा मनोमानी गर्न चाहेको छैन । यस विषयमा प्रदेश सरकारले सबै जनताका विचार र राय सुझाव लिएको थियो । त्यसलाई लागू हुन नदिन जुन षड्यन्त्र भयो, विपक्षी दलहरुको तर्फबाट जसले गर्दा जनताको सुझावको कदर भएन । राजधानी र नामाकरणको सवालमा हामीले जुन प्रतिवेदन दिएका छौं, त्यो लागू हुने गरी प्रदेश सरकारले प्रयास गरिरहेको अवस्था छ । हामीलाई विश्वास छ कि सम्वाद सुझाव आयोगको प्रतिवेदनको आधारमा नामाकरण र राजधानी टुंगो लाग्नेछ ।

नेपाल-भारतको सम्बन्ध पौराणिक सम्बन्ध हो । यो सम्बन्ध प्रधानमन्त्री केपी शर्मा ओली र नरेन्द्र मोदीले बनाएको होइन । यो सम्बन्ध दुवै देशका नागरिक-नागरिकबीचको सम्बन्ध हो । दुई देशका नागरिक-नागरिक बीचको सम्बन्ध भनेको सांस्कृतिक, आर्थिक, धार्मिक, राजनीतिकदेखि लिएर हजारौं-हजार वर्ष पुरानो सम्बन्ध हो । यस्तो सम्बन्धलाई कुनै देशका प्रधानमन्त्रीले चाहेर पनि तोड्न सक्दैन । हामीले कैयौंचोटि सीमावर्ती क्षेत्रका नागरिकसँग सम्वाद गरेका छौं । नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नयाँ नक्सा जारी गर्दा त्यस सम्बन्धमा अलिकति तिक्तता आएको थियो । तर अहिले फेरि सम्बन्ध स्थापित गर्ने गरी कुटनीतिक भ्रमणहरु भइरहेको छ, यसले दुई देशबीचको प्रगाढ सम्बन्धलाई अझ बलियो र सन्तुलित बनाउँछ । नेपाल र भारतबीच रहेको पौराणिक सम्बन्धलाई पुरानै लयमा फर्काउँदा नै दुवै देशको कल्याण हुन्छ । सीमामा अहिले बन्दको जुन अवस्था छ, त्यसलाई पनि सरकारले मध्यनजर गरेर खोल्नुपर्छ । सीमावर्ती क्षेत्रका नागरिकहरुबीचको जुन सम्बन्ध छ, त्यसलाई सीमानाका बन्दको कारणले असर पारिरहेको छ । सीमावर्ती क्षेत्रका जनताको दिनचर्या र दैनिकी कष्टकर भइरहेको छ । त्यसलाई खुकुलो र सहज पार्नका लागि पनि दुवै देशका सरकारहरुले विचार गरेर सीमा खोल्नुपर्छ, निर्वाधरुपमा आवात-जावत हुनुपर्छ ।

निश्चितरुपमा वार्ता र सम्वादका माध्यमबाट रहेका असन्तुष्टिहरुलाई हटाइ सम्बन्धलाई पुरानै लयमा फर्काउनैपर्छ । भारत पनि वार्ताका लागि तयार देखिएको छ । जहिले पनि भारतका सरकारले नेपालको भलो चाहन्छ, सकारात्मक रुपले हेरिरहेको अवस्था छ । जहिले पनि भारतको नीति नेपालप्रति सकारात्मक नै रहेको छ । नेपालले पनि भारतप्रति सकारात्मक दृष्टि राखेकै हो ।

*(बैठा दलित अधिकारकर्मी तथा जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य हुन् ।) (मधेश दर्पण फिचर सेवा)*

## घुमुवाले आचरण...

काम गरिरहेकाले उनीहरूलाई मुख्यालयमा तानिएको स्वीकार्दै प्रदेश नं २ का सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले राससलाई भन्नुभयो, "ती घुमुवाहरूलाई तानेर उनीहरूलाई भीड नियन्त्रण कसरी गर्ने, आन्दोलनमा ढुङ्गामुढा भएपछि कसरी नियन्त्रण गर्ने जस्ता 'रियरेस' भन्ने तालीम दिने गरेको छ ।"

ती घुमुवाले सीमानाकाबाट महिनावारी रकम लिएर तस्करी गराउने गरेको सूचनाका आधारमा उनीहरूलाई कारबाहीस्वरुप प्रदेश प्रहरी कार्यालयमा तानिएको भन्दै प्रहरी नायब महानिरीक्षक गौतमले आफू प्रहरी नायब महानिरीक्षक भएर प्रदेश २ मा आएपछि घुमुवाले तस्करसँगको मिलेमतोमा तस्करी गराइरहेको उजुरी आइपुगेकाले कारबाहीस्वरुप उनीहरूलाई प्रदेश मुख्यालयमा तानिएको बताउनुभयो । यसैबीच सरुवा भएर प्रदेश नं २ मा आउनुभएका प्रहरी नायब महानिरीक्षक गौतमले सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप चोरी तस्करी नियन्त्रण गर्न तथा अपराध गरेर लुकेका अपराधीबारे सूचना दिन भारतीय समकक्षीहरूसँग समन्वय गरेको, सशस्त्र प्रहरीको पोष्टमा आफैं गस्ती गर्ने, दिनरात पेट्रोलियम गस्ती बढाइएको तथा आचरण विपरीत काम गर्ने घुमुवा तथा सशस्त्र प्रहरीलाई निरुत्साहित गर्ने काम भइरहेको बताइएको छ ।


## राजविराज नगरपालिका
## ६ नं. वडा कार्यालय
### राजविराज नगरपालिका वडा नं. ६ बाट जारि भएको सूचना

मिति : २०७७/६/०७

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ६ बस्ने मो. गुलाबर सुलको छोरा नैयुदिन दफालीको मिति २०७७/०८/०९ को द. नं. १२४ को निवेदन माँग हुन आएको हुँदा सो सम्बन्धमा निज नैयुदिन दफालीको पत्नी मिना दफालीको नाउमा तपसिल बमोजिमको जग्गा दर्ता कायम रहेको र मेरो पत्नी मिना दफालीको मिति २०७५/०५/२८ गतेमा मृत्यु भइसकेको हुँदा सो तपसिल बमोजिमको जग्गा निवेदक नैयुदिन दफालीलाई श्री मालपोत कार्यालयको नाउँमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी, अंस रहेको भए सो आफूसँग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ (पैतिस) दिन भित्र आइदिनु होला अन्यथा कानुन बमोजिम भइजाने छ ।

तपसिल

| सि.न. | जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सप्तरी | बोरिया | २ | १८६९ | ०-०-४ |


# विश्व समाचार

## कोलम्बियाले फेब्रुअरीदेखि कोरोनाविरुद्धको खोप दिने

बोगोटा, ७ पुस (रासस/सिन्ह्वा) ।

दक्षिण अमेरिकी मुलुक कोलम्बियाले कोरोनाविरुद्धको खोप आगामी फेब्रुअरीदेखि सर्वसाधारणलाई दिने तयारी गरेको छ । खोप दिने कार्यक्रमलाई अभियानकैरुपमा अगाडि बढाइने राष्ट्रपति इभान डुक्युले सोमबार जानकारी दिनुभयो ।

स्थानीय रेडियोलाई दिएको अन्तर्वार्ताको क्रममा उहाँले परीक्षणको रुपमा खोप दिने कार्य भने यही हप्तादेखि जनवरीको पहिलो हप्तासम्ममा सुरु हुन सक्ने पनि बताउनुभयो । सरकारले आफ्ना नागरिकका लागि सबैभन्दा राम्रो गुणस्तरको खोप ल्याउनेगरी गृहकार्य गरिरहेको पनि राष्ट्रपति इभानले भनाइ थियो । कोलम्बियामा अहिलेसम्म १५ लाखभन्दा बढी मानिसमा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको छ भने ४० हजारभन्दा बढीको मृत्यु भएको छ ।

उहाँले भन्नुभयो, आफ्ना जनतालाई जोगाउन खोप लगाउनु हाम्रो अनिवार्य जिम्मेवारी हो, हामीले त्यसका लागि गृहकार्य गरिरहेका छौं, आगामी फेब्रुअरीदेखि आमरुपमा खोप लगाउने कार्यक्रम सुरु हुनेछ । उहाँले खोप ल्याउने र आमरुपमा लगाउने कार्यका लागि आफूले काम गरिरहेको पनि जानकारी दिनुभएको छ । त्यसका लागि भइरहेका सबै प्रक्रिया अत्यन्त महत्वपूर्ण भएको र सन्तोषजनक तरिकाले अगाडि बढीरहेको पनि उहाँले बताउनुभयो ।

## बाइडेनलाई दिइयो कोभिड-१९ को खोप

नेवार्क, डेलावेयर, ७ पुस (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति-निर्वाचित जो बाइडेनलाई सोमबार कोरोनाभाइरस विरुद्धको खोप दिइएको छ । बाइडेनलाई खोप दिंदा अमेरिकी टेलिभिजनबाट प्रत्यक्ष प्रसारण पनि गरिएको थियो । अठहत्तर वर्षीय बाइडेनलाई डेलावेयर राज्यको नेवार्कस्थित क्रिस्टियाना अस्पतालमा फाइजरको खोप दिइएको थियो । बाइडेनकी पत्नी जिल बाइडेनलाई पनि यसअघि नै खोप दिइएको थियो । त्यस अवसरमा बाइडेनले खोप लगाउँदा कुनै चिन्ता नलिन अमेरिकी जनतासँग आग्रह गर्नु भएको थियो ।

हालसम्म तीन लाख १८ हजारभन्दा बढी अमेरिकीको ज्यान लिइसकेको कोरोनाभाइरस विरुद्ध खोप लगाउने अभियान अमेरिकाका विभिन्न राज्यमा जारी छ । उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिस र उहाँका पतिले भने अर्को साता खोप लिने कार्यक्रम छ । यसैबीच, उपराष्ट्रपति माइक पेन्स र उहाँकी पत्नीले गत साता नै खोप लिइसक्नु भएको छ । तर राष्ट्रपति डोनाल्ड ट्रम्पले खोप लिने वा नलिने बारेमा केही बताउनु भएको छैन । अमेरिकामा हाल फाइजर-बायोएनटेकले विकास गरेको खोपका अलावा मोडर्ना फर्मास्युटिकल्सले निर्माण गरेको खोप पनि प्रयोगमा ल्याइएको छ ।

## सुडानमाथिको अमेरिकी कारबाही अन्त्य

वासिङ्टन, ७ पुस (रासस/एएफपी) ।

अमेरिकी संसदले सुडानमाथि लादै आएको आतंकवादी राष्ट्रको सूचीबाट सुडानलाई मुक्त गर्ने प्रस्तावलाई पारित गरेको छ । यो प्रस्ताव पारित भएसँगै सुडानले सबै राष्ट्रसँग मैत्रीपूर्ण सम्बन्ध पुनः कायम गर्ने बाटो खुलेको छ ।

सन् २००१ को सेप्टेम्बरमा अमेरिकी दूतावासमा आक्रमणको दोष अमेरिकाले सुडानमाथि लगाउँदै आएको थियो । उक्त घटनामा भएको जनधनको क्षतिबापत करोडौं डलर क्षतिपूर्ति तिर्न सुडान सरकार तयार भएपछि अमेरिकाले सुडानमाथिका प्रतिबन्धहरु हटाउन मञ्जुर भएको थियो । सुडानमाथि आतंकवादीलाई प्रश्रय दिने राष्ट्रको सूचीबाट सुडानलाई अमेरिकाले गत साता हटाएको थियो । सुडानले इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्न सहमति जनाएको दुई महिना नपुग्दै अमेरिकाले उक्त निर्णय गरेको हो ।

कोरोनाभाइरस महामारीको चपेटामा परेर आर्थिक संकटमा परेको सुडान अहिले राजनीतिक सङ्क्रमणकालमा रहेको छ । अमेरिकाले सुडानलाई आर्थिक सहायता, ऋण मोचन र लगानीका लागि पनि सघाउने जनाएको छ । सुडानलाई अमेरिकाले ७० करोड आर्थिक सहायताका साथै अन्तरराष्ट्रिय मुद्रा कोषलाई भुक्तानी गर्नुपर्ने थप १२ करोड डलर ऋण चुक्ता गर्न अमेरिकाले सघाउने बताएको छ ।

अमेरिकामा रहेका सुडान सरकारका बैंक खाताहरु पनि अब खुला हुनेछन् । सुडानसँगको सम्झौतामा सुडानले १९९८ मा केन्या र तान्जानियास्थित अमेरिकी राजदूतावासमा अलकायदाद्वारा भएका हमलाका पीडितलाई क्षतिपूर्तिबापत ३३ करोड ५० लाख डलर भुक्तानी गर्न सहमति जनाएको थियो । उक्त हमला सुडानका तत्कालीन राष्ट्रपति ओमार अल-बसिरको शासनकालमा भएका थिए जतिबेला आतंकवादी संगठन अलकायदाका नेता बिन लादेन सुडानमा रहेका थिए ।

## कोरोनाभाइरसको नयाँ संस्करणमाथि पनि फाइजर र मोडर्नाको परीक्षण

वासिङ्टन, ७ पुस (रासस/एएनआई) ।

कोरोनाभाइरसको नयाँ संस्करण फैलिएको आशंकामा बेलायतमा फाइजर र मोडर्नाको खोप परीक्षण गरिएको छ । यी खोपले नयाँ प्रकारको कोरोनाका लागि पनि काम गर्छ की गर्दैन भनेर थाहा पाउन परीक्षण गरिएको अधिकारीहरुले जनाएका छन् । बेलायतमा गरिएको यो परीक्षणबाट त्यसले काम गर्ने वा नगर्ने बारेमा एक हप्तामा मात्रै यकिन हुने जनाइएको छ ।

"अहिलेसम्मको विश्लेषणअनुसार मोडर्नाले त्यसका विरुद्धमा काम गर्ने जस्तो देखिएको छ," मोडर्नाद्वारा जारी वक्तव्यमा लेखिएको छ ।यस बारेमा थप विवरण भने आगामी हप्ता जानकारी दिइने पनि वक्तव्यमा जनाइएको छ । परीक्षणका लागि केही रगत संकलन गरेर सम्बन्धित ठाउँमा पठाइएको छ ।

# प्रदेश २ मा सबैभन्दा बढी भ्रष्टाचार भएको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्व सञ्चार तथा सूचना प्रविधि मन्त्री मोहन बहादुर बस्नेतले प्रदेश २ मा सबैभन्दा बढी भ्रष्टाचार भएको आरोप लगाएका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिकामा आयोजिक बृहद विरोध सभा तथा रक्तदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन् ।

नेपाली कांग्रेस शम्भुनाथ नगर कार्य समितिले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले कम्युनिस्ट सरकारले भ्रष्टाचार गरेको बताए ।

पूर्व मन्त्री बस्नेतले मधेसी जनताको रगतको होली खेलेर मधेसवादी दलहरु जितेको स्थानीय तहहरुमा पनि भ्रष्टचार प्रदेश भन्दा कम नरहेको जिकिर गरे । महालेखा परिक्षण प्रतिवेदनले ४५ प्रतिशत भ्रष्टाचार प्रदेश २ मै भएको देखाएको बताए ।

नगर सभापति सुरेन्द्र भगतको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ सभा सदस्य मो. समिम, नेपाली कांग्रेस सप्तरी सभापति दिनेशकुमार यादव, क्षेत्र ४ सभापति किरण भगत, पूर्व सभासद् सुरेन्द्र यादव, जिल्लाका पूर्व सचिव सबुरलाल साह, पूर्व क्षेत्रीय सभापति भगवती प्रसाद यादव, खेलकुद बिभाग सदस्य दिपेन्द्र नारायण चौधरी, प्रभु नारायण चौधरी लगायतले सम्बोधन गरेका थिए ।

दश जनाद्वारा रक्तदान त्यस्तै, आयोजित रक्तदान कार्यक्रममा अमेन्द्र यादव, इन्द्रनारायण साह, शिवनारायण चौधरी, धनी लाल चौधरी, अशोककुमार साह, ललितकुमार चौधरी लगायत दश जनाले रक्तदान गरेका छन ।

# फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

जबरजस्ती करणी र आत्महत्या दुरुत्साहन मुद्दामा फरार एक प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ निवासी ४५ वर्षिय शत्रुधन मण्डल रहेका छन् ।

पक्राउ परेका मण्डल एक यूवतीलाई जबरजस्ती करणी पश्चात् फरार रहेका थिए । उनलाई प्रहरीले पुस ६ गते राजविराज ६ बाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

# माधव नेपाल नेकपाको अध्यक्षमा चयन

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ पुस ।**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-माधव समूहको केन्द्रीय कमिटी बैठकले नयाँ अध्यक्षमा माधवकुमार नेपाललाई चयन गरेको छ ।

मंगलबार काठमाडौंमा सम्पन्न बैठकले वरिष्ठ नेता झलनाथ खनालको प्रस्तावमा नेपाललाई अध्यक्ष चयन गरेको जनाइएको छ ।

बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीले ऐतिहासिक राजनीतिक परिवर्तन, संविधान, लोकतन्त्र, पार्टी एकताको विरुद्धमा कार्य गरेकाले पार्टी अनुशासनको गम्भीर उल्लंघन गरेकाले पार्टीको अन्तरिम विधान अनुसार अनुशासनको कारबाही गरी पार्टी अध्यक्षको जिम्मेवारीबाट मुक्त गर्ने निर्णय गरेको छ ।

त्यसपछि रिक्त हुन पुगेको एक जना अध्यक्ष पदमा नेता माधवकुमार नेपाललाई चयन गर्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिएको अनलाइन खबरले जनाएको छ ।

अर्को बैठक बिहीबार साढे ११ बजे बोलाइएको पनि उनले बताए । मंगलबारको बैठकले नेता कृष्णबहादुर महरालाई स्थायी कमिटी बैठकमा मनोनीत गर्ने स्थायी कमिटीको प्रस्तावलाई पनि अनुमोदन गरेको छ ।

# सवारी तथा ज्यान मार्ने उद्योग मुद्दाका प्रतिवादी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

विभिन्न मितिमा सवारी तथा ज्यान मार्ने मुद्दाका प्रतिवादीहरु कारागार चलान भएका छन् ।


जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्ला अदालत सप्तरीले रुपनी गाउँपालिका वडा नं. ६ निवासी ३६ वर्षिय रंजित कुमार भगतलाई सवारी ज्यान मुद्दामा पुस ६ गते पुर्पक्षको लागी कारागार पठाएको छ ।

त्यस्तै जिल्लाकै डाक्नेश्वरी नगरपालिका वडा न. ४ बस्ने ६५ वर्षिय मलहु रायलाई समेत ज्यान मार्ने उधोग मुद्दामा सोही दिन जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागी कारागार पठाएको प्रहरीले जनाएको छ ।


## नेपाल पत्रकार महासंघ, शाखा सप्तरी
## लोकेन्द्र स्मृती पत्रकारीता पुरस्कार सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नेपाल पत्रकार महासंघ शाखा सप्तरीले स्वर्गिय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृती दिवसका अवसरमा प्रत्येक वर्ष पुस २६ गते प्रदान गर्दै आएको 'लोकेन्द्र स्मृती पत्रकारिता पुरस्कार'का लागि यस वर्ष ईच्छुक, सप्तरीलाई कार्यक्षेत्र वनाएर पत्रकारीता गर्दै आउनु भएका पत्रकार महानुभावहरुलाई यही मिति २०७७ साल पुस १५ गते भित्र आफ्नो संक्षिप्त वायोडाटा तथा २०७६ पुस देखि २०७७ मंसिर मसान्त सम्ममा आफैले रिर्पोटिङ्ग गरेका समाचारको कटिङ्ग, अनलाईनको लिंक वा टेलिभिजन रेडियोमा प्रशारित सामग्रीको सिडी वा पेन ड्राईभ सहित यस शाखा कार्यालयमा आवेदन गर्नुहुन हार्दिक अनुरोधका साथ यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लीगि शाखा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**लोकेन्द्र स्मृती पत्रकारीता पुरस्कार छनौट समिति-२०७७**



# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*